मिति २०७६/०१/०२ वैठक संख्याः ३१

आज मिति २०७६/०१/०२ गतेका दिन दिउँसो १२.०० बजे यस देवघाट गाउँपालिकाका अध्यक्ष श्री दुर्ग बहादुर थापाको ज्युको अध्यक्षतामा देवघाट गाउँकार्यपालिकाको वैठक बस्यो ।

**उपस्थितीः**

| | नामथर | पद |
|---|---|---|
| १) | श्री दुर्ग बहादुर थापा | गा.पा. अध्यक्ष |
| २) | श्री बिमला थापा | गा.पा. उपाध्यक्ष |
| ३) | श्री श्री रमेश सुवेदी | सचिव (प्रमुख प्रशासकिय अधिकृत) |
| ४) | श्री भिम बहादुर गुरुङ | १ नं. वडाध्यक्ष |
| ५) | श्री पोल बहादुर आले | २ नं. वडाध्यक्ष |
| ६) | श्री कृतिमान आले | ३ नं. वडाध्यक्ष |
| ७) | श्री पदम बहादुर गुरुङ | ४ नं. वडाध्यक्ष |
| ८) | श्री याल बहादुर गुरुङ | ५ नं. वडाध्यक्ष |
| ९) | श्री चन्द्र प्रकाश वि.क. | गा.का.पा. सदस्य |
| १०) | श्री रत्न बहादुर बोटे | गा.का.पा. सदस्य |
| ११) | श्री बाल कुमारी परियार | गा.का.पा. सदस्य |
| १२) | श्री भोगी माया राना | गा.का.पा. सदस्य |
| १३) | श्री अनिता गुरुङ | गा.का.पा. सदस्य |
| १४) | श्री यम माया गुरुङ | गा.का.पा. सदस्य |

**कर्मचारी उपस्थितीः**

१) श्री गोविन्द प्रसाद पौडेल

देवघाट गाउँ कार्यपालिका

बैठक संख्या ३१

मितिः २०७६। ०१।०२

**प्रस्तावहरु**

१. घर नक्सा अभिलेख प्रक्रियाको म्याद थप सम्बन्धमा ।
२. सवै विद्यालय र सवै वडा तथा टोलका खानेपानी योजना सम्पन्न गर्ने सम्बन्धमा,
३. वडा नं. २ र ४ वडा कार्यालयको भवन निर्माण लागी जग्गा प्राप्ती गर्दा लाग्ने खर्च गाउँपालिकाले गर्ने सम्बन्धमा,
४. थप रकम माग भएको योजना सम्बन्धमा,
५. होम स्टे संचालन कार्यविधि, २०७५ स्वीकृति सम्बन्धमा ।
६. सार्वजनिक जग्गाको लगत संकलन वडावाट गर्ने सम्बन्धमा,
७. खानेपानी, सरसफाई तथा स्वच्छता योजना तर्जुमा गर्ने सम्बन्धमा,
८. लागत सहभागितामा हाट बजार निर्माण र जग्गा व्यवस्थापन सम्बन्धमा,
९. कर्मचारी कल्याण कोष खाता संचालन सम्बन्धमा,
१०. UNICEF संग सम्झौता भएको जानकारी सम्बन्धमा,
११. धार्मिक क्षेत्रमा एउटै रंग र एउटै डिजाईनको घर बनाउन प्रोत्साहन गर्ने सम्बन्धमा,
१२. शालीग्राम करिडोरको  छरछरे खाल्टे— खण्डमा लागत सहभागिता सम्बन्धमा,
१३. वडा सचिवको जिम्मेवारी दिने सम्बन्धमा,
१४. संघीय सरकारमा योजना माग गर्ने संम्बन्धमा,
१५. प्रदेश सरकारमा योजना माग गर्ने सम्बन्धमा ।
१६. देवघाट ५ स्वास्थ्य चौकी स्तरउन्नती
१७. उपचार खर्च भुक्तानी दिने सम्बन्धमा ।

**निर्णयहरु**

१. पुरानो घर अभिलेखीकरण गर्ने समय मिति २०७६ आषाढ मसान्त सम्मका लागि थप गर्ने निर्णय गरियो ।
२. खाने पानी शिर्षकमा विनियोजन गरिएको रकमले अपुग भएपनी समपुरक कोष वा अन्य जुनसुकै शिर्षक तथा श्रोतवाट सवै विद्यालय र सवै वडा तथा टोलवाट माग भई आए अनुसारका योजनाहरु नगद वा जिन्सी वा श्रम लागत सहभागितामा सम्पन्न गर्ने निर्णय गरियो ।
३. वडा नं. २ को रु. ३१,९७५/- (अक्षेरुपी एकतिस हजार नौ सय पचहत्तर रुपैया) र वडा नं. ४ को रु. ७७,१४०/- (अक्षेरुपी सतहत्तर हजार एक सय चालिस रुपैया) वडा कार्यालयको भवन निर्माणको लागी जग्गा प्राप्ती गर्दा लागेको अमिन तथा खाना खाजा लगायत विविध खर्च गाउँपालिकाले  गर्ने निर्णय गरियो ।
४. तपसिल बमोजिमका योजनाहरुमा थप रकम माग भएको र आवश्यकता पनि भएकोले समपुरक कोषबाट खर्च गर्ने तथा गरिएको खर्च अनुमोदन गर्ने निर्णय गरियो ।
क) चिनाटार चक्रवर्ती स्कुल देखि देउपुर मोटर मार्ग ग्रावेल
ख) भर्जन खोला खेल मैदान

... बहादुर ...
अध्यक्ष

प्रमुख प्रशासकीय अधिकृत

ग) छरछरे झरनामा ग्याविन, पोखरी र टिनको ट्रस भवन निर्माण र स्पोर्टस ग्राउण्ड निर्माण

घ) वडा नं. ५ मा मधु कवर्ड हल निर्माण

५. होम स्टे संचालन कार्यविधि, २०७५ स्वीकृत गरियो ।

६. सार्वजनिक जग्गाको लगत संकलन वडा कार्यालयबाट गरि गाउँपालिकामा पेश गर्ने र एकिकृत तथ्यांक राख्ने निर्णय गरियो ।

७. खानेपानी, सरसफाई तथा स्वच्छता योजना तर्जुमा गर्ने निर्णय गरियो ।

८. देवघाट ५ बसपार्कमा रहेको र यस गाउँपालिकाले भोग चलन गरि आएको सार्वजनिक जग्गामा लागत सहभागितामा हाट बजार निर्माण गर्ने निर्णय गरियो ।

९. कर्मचारी कल्याण कोष खाता संचालन निर्देशिका वनाउन निर्देशिका नवन्दा सम्म कर्मचारी कल्याण कोष खाता खोली रकम जम्मा गर्ने र सेवा छोडी जानेलाई भुक्तानी दिने निर्णय गरियो ।

१०. खानेपानी तथा सरसफाई स्वच्छता सम्बन्धी कार्यक्रम UNICEF संग सम्झौता भएको जानकारी भयो ।

११. देवघाट धाम धार्मिक क्षेत्रमा देवघाट क्षेत्र विकास समितिको सहयोग र समन्वयमा सबै घरहरुमा एउटै रंग लगाउने र एउटै डिजाईनको घर बनाउन प्रोत्साहन गर्ने निर्णय गरियो ।

१२. शालीग्राम करिडोरको छरछरे-खाल्टे खण्डमा पूर्वाधार क्षेत्र विकास कार्यक्रम र प्रदेश सरकारबाट लगानी हुने रकममा गाउँपालिकाबाट समपुरक कोषबाट रु. ५० लाख बराबरको लागत सहभागिता बापतको काम गर्ने निर्णय गरियो ।

१३. यस गाउँपालिकाको वडाहरुमा वडा सचिवको रुपमा काम गर्ने कर्मचारीहरुको कमीले गर्दा वडाबाट हुने सेवा प्रवाहमा कठिनाई भईरहेको, कर्मचारी समायोजन पश्चात पनि कर्मचारी दरबन्दी अनुसार नआएको हुँदा वडाबाट हुने सेवा प्रवाहलाई प्रभावकारी, छिटो, छरितो बनाउनको लागी स्थायी परिपूर्ति नहुँदा सम्मका लागि विगत देखि हालसम्म वडामा करारमा कार्यरत कार्यालय सहायकहरुलाई वडा सचिव र पञ्जीकाधिकारीको जिम्मेवारी दिने निर्णय गरियो ।

१४. आ.व. २०७६/०७७ का लागि तपशिलका योजनाहरु समावेश गरिदिनका लागि संघीय सरकारमा लेखि पठाउने निर्णय गरियो ।

क) गाउँ कार्यपालिकाको कार्यालय भवन निर्माण ।

ख) ३ नं. प्रदेश भरतपुर महानगरपालिका वडा नं. २९ र गण्डकी प्रदेश देवघाट ४ जोड्ने त्रिशुली नदी गाईघाटमा पक्की पुल निर्माण ।

ग) शालिग्राम करिडोर मार्ग कालोपत्रे गर्ने कार्य ।

घ) देवघाट वडा नं. ५ क्वादी खोला वृहत खानेपानी योजना ।

ङ) देवघाट वडा नं. २ मास्दीघाट सेती नदीमा पक्की पुल

च) देवघाट वडा नं. ३ साराङ्घाट सेती नदीमा पक्की पुल ।

छ) देवघाट वडा नं. १ कोटामा गाउँपालिका स्तरीय रङ्गशाला निर्माण ।

ज) देवघाट धर्मार्थ अस्पताल र कर्मचारी दरबन्दी स्वीकृत

झ) नवलपुर जिल्ला गैंडाकोट न.पा. वडा नं. ३ ढोडेनी र देवघाट वडा नं. १ कोटा जोड्ने काली गण्डकी नदीमा पक्की पुल ।

ञ) नवलपुर जिल्ला वुलिङ्गटार गा.पा. वडा नं. १ र देवघाट वडा नं. २ खाल्टे जोड्ने काली नदीमा पक्की पुल ।

अध्यक्ष

प्रमुख प्रशासकीय अधिकृत

दुर्गा बहादुर थापा
अध्यक्ष

ट) भिरकोट सिंच्याङ्ग मोटर मार्ग कालो पत्रे

१४. आ.व. २०७६/०७७ का लागि तपशिलका योजनाहरु समावेश गरिदिनका लागि प्रदेश सरकारमा लेखि पठाउने निर्णय गरियो ।

क) यस अघि प्रदेश सरकारमा पेश भएका सबै खानेपानी आयोजनाहरु ।
ख) देवघाट वडा नं. २ खाल्टेमा रंगशाला निर्माण ।
ग) देवघाट वडा नं. ४ कर्तापमा जनजाती संग्राहालय निर्माण ।
घ) देवघाट वडा नं. १ र २ को सिमानामा पर्ने घण्टाचुली भ्यू टावर तथा पार्क निर्माण ।
ङ) देवघाट वडा नं. १ कोटामा पशु पंक्षी अनुसन्धान केन्द्र निर्माण ।
च) देवघाट वडा नं. २ कोटवैदीमा कृषी अनुसन्धान केन्द्र निर्माण ।
छ) देवघाट वडा नं. ५ र वडा नं. ४ फोस्रेपानी जोड्ने सडक निर्माण ।
ज) देवघाट वडा नं. ५ देउपुर खेलकुद पार्क निर्माण ।
झ) देवघाट वडा नं. ५ क्युदीमा बहुउद्देश्यिय सिटी हल क्रमागत योजना ।
ञ) देवघाट वडा नं. ५ बेनी संगम तटबन्ध निर्माण ।
ट) देवघाट वडा नं. २ खाल्टे-मास्दीघाट मोटर मार्ग स्तरोन्नती ।
ठ) भिरकोट सिंच्याङ्ग मोटर मार्ग स्तरोन्नती ।
ड) देवघाट वडा नं. १ आँपटार सिंचाई योजना ।
ढ) देवघाट वडा नं. २ खाल्टे सिंचाई योजना ।
ण) देवघाट वडा नं. २ बेसारघारी सिंचाई योजना ।
त) देवघाट वडा नं. ३ साराङ्घाट सिंचाई योजना ।
थ) देवघाट वडा नं. ४ काफलडाँडाको राष्ट्रिय आधारभूत विद्यालयमा आवासिय विद्यालय निर्माण तथा सञ्चालन
द) प्रदेश सरकारसँग पेश भएका होम स्टेहरु प्रवर्द्धन
ध) ऐतिहासिक प्याउलीगढीको संरक्षण तथा प्रवर्द्धन ।
न) ऐतिहासिक सिंच्याङ्गढीको संरक्षण तथा प्रवर्द्धन ।

१५. देवघाट गाउँपालिका भरि कुनै पनि प्राथमिक स्वास्थ्य केन्द्र र अस्पताल नभएकाले देवघाट वडा नं. ५ मा स्थित देवघाट स्वास्थ्य चौकीमा सम्पुर्ण वडाहरुका बिरामीहरुला पायक पर्ने हुनाले वडा नं. ५ मा रहेको देवघाट स्वास्थ्य चौकीको स्तरवृद्धि गर्नका लागि स्वास्थ्य मन्त्रालयमा लेखि पठाउने निर्णय गरियो ।

१६. गाउँपालिकाको सूचना अधिकृत विमल मल्ल कार्यक्रमको शिलशिलामा पोखरा जाने क्रममा दमौलीमा मोटर साईकल दुर्घटनामा परि उपचारको लागि रु. ५१३००/- खर्च भइको र क्षति भएको मोटर साईकल मर्मत गर्दा खर्च भएको रु. ११,३०९/- गरि जम्मा रकम रु. ६२,६०९/- (अक्षेरुपी बैसट्ठी हजार छ सय नौ रुपैया) उपलब्ध गराउने निर्णय गरियो ।

दुर्गा बहादुर थापा
अध्यक्ष

प्रमुख प्रशासकीय अधिकृत